# श्री चन्द्रागिरि नगरपालिका न्यायिक समिति

चन्द्रागिरि नगरपालिका न्यायिक समिति

संयोजक : श्री बसन्ती श्रेष्ठ

सदस्य : श्री सीता मण्डल सत्याल

सदस्य : श्री रत्नलाल श्रेष्ठ

**बाट भएको निर्णय**

**निर्णय नं. ३४**

**निवेदक/वादीको नाम, थर, ठेगाना**

पुन्यमान सिंह श्रेष्ठको छोरा काठमाडौँ जिल्ला, चन्द्रागिरि नगरपालिका वडा नं. ११ सतुंगल बस्ने वर्ष ६८ को गोविन्द भक्त श्रेष्ठ ..............................१

पुन्यमान सिंह श्रेष्ठको बुहारी ललित चन्द्र प्रधानको छोरी गोविन्द भक्त श्रेष्ठको श्रीमती काठमाडौँ जिल्ला, चन्द्रागिरि नगरपालिका वडा नं. ११ सतुंगल बस्ने वर्ष ६१ अनिता कुमारी प्रधान ................................१

**विपक्षी/प्रतिवादीको नाम, थर, ठेगाना**

फु चुन हको छोरी गोविन्द भक्त श्रेष्ठको बुहारी गौरब श्रेष्ठको पत्नी काठमाडौँ जिल्ला, चन्द्रागिरि नगरपालिका वडा नं. ११ वस्ने वर्ष ३२ कि फु स्याओ जी श्रेष्ठ (Fu Xiao Jie Shrestha) ..........................................१

पुन्यमान सिंह श्रेष्ठको नाती गोविन्द भक्त श्रेष्ठको छोरा पर्सा जिल्ला बिरगंज महानगरपालिका वडा नं. ११ घर भई हाल काठमाडौँ जिल्ला, चन्द्रागिरि नगरपालिका वडा नं. ११ सतुंगल बस्ने वर्ष ३२ को गौरब श्रेष्ठ ..................१

**वादीको साक्षी**

क) काठमाडौँ जिल्ला, चन्द्रागिरि नगरपालिका वडा नं. ११ माइतीमा बस्ने वर्ष ३३ को गरिमा श्रेष्ठ ..........................................................१

**प्रतिवादीको साक्षी**

क) ..................................................

**कागज प्रमाण**

क) नागरिकता प्रमाण पत्रको फोटोकपी थान .......२

ख) अंश दर्ता मुद्दाको मिलापत्रको फोटोकपी थान ..३

ग) सम्बन्ध विच्छेद फिरादको फोटोकपी थान ......७

घ) भिडियो प्रमाणको पेन ड्राइभ थान ...............१

**कागज प्रमाण**

क) पासपोर्टको फोटोकपी थान ............................१

न्यायिक समितिबाट बुझेको साक्षी ..............................................................................................

**प्रमाणहरू :** ..............................................................................................................................

**मुद्दाः <u>छोरा बुहारीलाई कोठाबाट निकाली पाउँ</u> ।**

**मु.नं. : ३९** **दर्ता मिति : २०७९/०६/०२**

**<u>वादीको दावीको संक्षिप्त व्यहोरा</u> :**

(क) विपक्षी फु स्याओ जी श्रेष्ठ (Fu Xiao Jie Shrestha) नाताले हामीहरुको बुहारी र गौरब श्रेष्ठ छोरा हुनुहुन्छ । विपक्षी बुहारी र मेरो छोरा गौरब श्रेष्ठको मिति २०७५/०६/२८ विवाह भई मिति २०७६/०४/८ गते नाति गर्वमान श्रेष्ठको जन्म भएको छ । छोरा गौरब श्रेष्ठले अंश चाहियो भनि श्री काठमाडौं जिल्ला अदालतमा अंश फिराद दर्ता गरी मिति २०७८/०८/२३ गते हामी बसी आएको घर हामी हामीहरुको नाममा हुने र छोराको नाममा मातातिर्थमा जग्गा हुने गरी अंशवण्डा भई भिन्दै बसि आएका छौं । मिति २०७९/०१/०७ गते छोराले श्री काठमाडौं जिल्ला अदालतमा सम्बन्ध विच्छेदको निवेदन दिए पश्यात् विपक्षी बुहारी निजको हक नलाग्ने हामीहरुको अंश भागमा परेको घरमा आएर जबरजस्ती कोठा खालि गरेर बस्न थालिन् । विपक्षीले चाइनाको नियम लाग्छ भनि हामी सँग झगडा गर्ने, हिंसा गर्न थाल्नु भयो । चाइनाको नियमानुसार घरको सम्पूर्ण काम गर्नु पर्छ । विपक्षी बुहारीलाई बुढेसकालमा हामीले खाना पकाएर खुवाउने अवस्था छैन । विपक्षीले मेरो छोरी गरीमा श्रेष्ठलाई सदैब गालिगर्ने, अभद्र व्यवहार गर्ने गरेकी छिन् ।

(ख) विपक्षीको पतिले हामीसँग अंश लिएर भिन्न बसेको अबस्थामा विपक्षी बुहारीले छोरासँग अंश माग गर्नुपर्ने हो । त्यसको विपरित विपक्षीले करौडौं रुपैयाँ दिनुपर्छ भनेर हामी माथि मानसिक यातना दिने हिंसा गर्दै आएकी छिन् । नाना तरहले गाली गलोज गर्ने, सामाजिक मूल्या मान्यता विपरित राति अबेरसम्म मादक पदार्थ सेवन गरी आउने घरमा झैंझगडा गर्ने गरेकी छिन् । विपक्षीले खाली मलाई रकम चहियो मैले माग गरेको रकम नदिए आत्मा हत्या गर्छु भनेर बारम्बार हामी जेष्ठ नागरिकमाथि धम्की दिने आत्मा हत्या गर्छु भनेर तर्साउने लगायतका यावत कार्य गर्दै आएकी छिन् । विपक्षीले अनाधिकृत रुपमा हामीहरुको अंशको घरमा बसेर हामीलाई पालन पोषण गर्नुपर्नेमा उल्टो हिंसा गरेकोले निज विपक्षीहरु हामी जेष्ठ नागरिकको हक संरक्षण गरी पाउन जेष्ठ नागरिक संरक्षण सम्बन्धी स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४९ (४) बमोजिम अलग राख्ने अन्तरिम संरक्षणात्मक आदेश गरी सोहि ऐनको दफा ४७ (२) (ज) बमोजिम अनधिकृत प्रवेश गरेको घर कोठाबाट खालि गराई पाउँ भन्ने व्यहोराको वादी गोविन्द भक्त श्रेष्ठ र अनिता कुमारी प्रधानको मागदावी रहेको छ ।

**प्रतिवादीको प्रतिदावीको संक्षिप्त व्यहोरा :**

(क) निज प्रतिवादी गौरब श्रेष्ठले मिति २०७८/०६/१२ गते आफ्नो नाउँको म्याद कानुन शाखामा उपस्थित भई बुझेको देखिन्छ यसरी हेर्दा १५ (पन्द्र) दिने म्याद बुझि कानुनी प्रक्रियामा नै नआई प्रतिउत्तर दर्ता गर्ने म्याद गुजारी गुज्रेको म्याद थामी थमाउने समय गुजारी बसेको देखिन्छ । भने प्रस्तुत उजुरीकर्ताहरु मेरो सासु ससुरा हुनुहुन्छ । निज उजुरीकर्ताको छोरासँग मिति २०७५/०६/२८ विवाह भई मिति २०७६ छोरा गर्वमान श्रेष्ठको जन्म भएको हो । मैले निजका छोरा मेरा पतिले कुनै मानसिक तनाव दिने काम कहिले भएको छैन र होईन । म प्रतिउत्तरवाला र श्रीमान बिच काठमाडौं जिल्ला अदालतमा सम्बन्धविच्छेद मुद्दा दायर भएर बिचाराधिन अवस्था छ । मैले कोही कसैलाई मेरो आफ्नो देशको संस्कार अनुसारको चलन गर्न बाध्य बनाएको छैन र होइन । म एउटा दुधे बालक काखमा बोकेर कोसँग क्तिवेला झैं झगडा गर्ने फुर्सद नभएको हुँदा र मलाई नेपाली भाषा नआउने भएकोले घरमा खासै वार्तालाप हुने नै होइन । मैले नेपालको बुहारी भई निभाउनु पर्ने सम्पूर्ण कर्तव्यहरु निर्वाह गर्दै काखे बालक छोरालाई समेत स्याहार सुसार गरी हुर्काउदै छु । निज उजुरीकर्ताहरुले झुठ्ठा रुपमा कपोकल्पित ढङ्गले तथ्यहरुलाई तोडमोड गरी बिना आधार दायर गर्नु भएको उजुरी खारेज गरी म र मेरो काखे, दुधे बालक छोरा उपर न्याय गरी पाउँ भन्ने व्यहोराको प्रतिवादी Fu Xiao Jie Shrestha को प्रतिउत्तर जिकिर ।

**वादीको साक्षीको कथन तथा प्रमाणको विश्लेषण :**

श्री काठमाडौं जिल्ला अदालतबाट मु.नं. ०७८-CP-३०७९ को अंशदर्ता मुद्दामा मिलापत्र भई काठमाडौं जिल्ला, साविक सतुंगल गा.वि.स. वडा नं. ९ सिट नं. १०२-११७९-०५, कि.नं. १९० को क्षेत्रफल १६१.९० ब.मी. तथा ऐ.ऐ. को कि.नं. १९१ को क्षेत्रफल १६१.९० ब.मी. को घर जग्गा यी वादीहरु गोविन्द भक्त श्रेष्ठ र अनिता कुमारी श्रेष्ठको अंश भागमा भएकोमा विवाद नरहेको देखिन्छ भने भिडियो प्रमाणलाई हेर्दा घरमा झैं झगडा हुने गरेको देखिन्छ ।

**प्रतिवादीको साक्षीको कथन तथा प्रमाणको विश्लेषण :**

पासपोर्टको फोटोकपी राखेको देखिन्छ ।

**दुवै पक्षबाट उपस्थित भएका कानुन व्यवसायीको बहसको मुख्य बुँदा :**

वादीले घर कोठा कब्जागरी बसेको मरो छोरा र बुहारीलाई निकाली पाउँ भनि राख्नु भएको बहस सुनियो ।

**दुवै पक्ष बिचमा फरक परेको विषय :**

घरमा अनाधिकृत प्रवेस गरी कब्जा गरेको कोठा खालि गराउने नगराउने भन्ने विषयमा मुख मिलेको देखिएन ।

## निर्णय खण्ड

नियमित पेशी सूचीमा चढि नियमानुसार इजलाश समक्ष पेश हुन आएको यस विवादको सम्बन्धमा तथ्य र प्रमाणलाई हेरी निर्णय तर्फ विचार गर्दा काठमाडौं जिल्ला, साविक सतुंगल गा.वि.स. वडा नं. ९, सिट नं. १०२-११७९-०५ कि.नं. १९० को क्षेत्रफल १६१.९० ब.मी. जग्गामा बनेको घरकोठाबाट विपक्षीलाई निकाली पाउँ भनि उजुरी माग दावी बमोजिम निज प्रतिवादी मध्येका गौरब श्रेष्ठले कानुन शाखामा उपस्थित भई मिति २०७९/०६/१२ गते पन्द्र दिने म्याद बुझि सो म्याद गुजारी गुज्रेको म्याद थामी प्रतिउत्तर बुझाउने समय समेत गुजारी प्रतिवाद नगरी बसेको देखिन्छ। प्रतिवादी फु स्याओ जी श्रेष्ठले सो घर परिवारको सदस्य भएकोले संगोलमै बसि आएको स्वीकार गरी निजले मिति २०७९/११/२१ गतेको तारिख तोकी पाएकोमा नियमित तारिख गुजारी नियमित तारिख थाम्ने म्याद समेत गुजारी बसेको देखिन्छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४७ को उपदफा (१) को देहाय (ज) बमोजिम न्यायिक समितिको अधिकार क्षेत्र भित्रकैं विवाद रहेको हुँदा विपक्षीको नाममा जारी भएको म्याद निज आफैं कानुन शाखामा उपस्थित भई निज प्रतिवादी गौरब श्रेष्ठले बुझी प्रतिवाद नगरी बसेको देखिन्छ भने प्रतिवादी फु स्याओ जी श्रेष्ठले नियमित तोकि पाएको तारिख गुजारी बसेको देखिदा काठमाडौं जिल्ला, सतुंगल गा.वि.स. वडा नं. ९ सिट नं. १०२-११७९-०५, कि.नं. १९० को क्षेत्रफल १६१.९० ब.मी. तथा ऐ.ऐ. कि.नं. १९१ को क्षेत्रफल १६१.९० ब.मी. को घर जग्गा यी वादीहरु गोविन्द भक्त श्रेष्ठ र अनिता कुमारी श्रेष्ठको अंश भागमा परी मिति २०७८/०८/२३ मा सम्मानित श्री काठमाडौं जिल्ला अदालतबाट मिलापत्र भई सो बमोजिम निजहरुले भोगचलन गरिआएको देखियो । मिलापत्र बमोजिम उल्लेखित घर जग्गामा वादी गोविन्द भक्त श्रेष्ठ र अनिता कुमारी प्रधान श्रेष्ठकै हकभोग रहेको देखियो । प्रतिवादी फु स्याओ जी श्रेष्ठको पति प्रतिवादी गौरव श्रेष्ठले आफ्नो अंश हकको सम्पत्ति छुट्याई लिई सकेको देखिंदा बृद्ध भएका बाबु, आमालाई स्याहार सुसार गर्ने कर्तव्य भएका प्रतिवादीहरुले बृद्ध बाबु आमाकै घर कब्जा गरी बस्न पाउने अबस्था रहेन निज प्रतिवादीहरुले आफ्नो बृद्धा बाबु आमाको मानवोचित, लालनपालन, शिष्ट र सभ्य व्यवहार गर्ने कर्तव्य यी प्रतिवादीले पुरा गर्नुपर्ने । सम्मानित अदालतमा भएको मिलापत्रमा उल्लेखित आ-आफ्नो अंश भाग परेको श्री सम्पत्ति भोग चलन गरि आएको काठमाडौं जिल्ला, सतुंगल गा.वि.स. वडा नं. ९ सिट नं. १०२-११७९-०५, कि.नं. १९० को क्षेत्रफल १६१.९० ब.मी. तथा ऐ.ऐ. कि.नं. १९१ को क्षेत्रफल १६१.९० ब.मी. को घर जग्गा बाबु, आमा कै भएको हुँदा प्रतिवादीहरुले बृद्ध बाबु आमाकै घर कब्जा गरी बस्न पाउने अवस्था नरहेको हुँदा उल्लेखित कि.नं. १९० र १९१ को घरमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४७ को उपदफा (१) को देहाय (ज) बमोजिम प्रतिवादीको अनधिकृत कब्जा हटाई घर कोठा खाली गराई दिने निर्णय गरियो । अरुमा तपसिल बमोजिम गर्नु ।

## तपसिल खण्ड

(क) स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५१ बमोजिम वादीलाई ३५ दिने म्याद श्री काठमाडौं जिल्ला अदालतमा पुनरावेदनको म्याद सहित प्रतिवादीलाई पुनरावेदनको म्याद दिनु। ........................................................................................................१

(ख) माथिको निर्णय खण्डमा उल्लेख भए बमोजिमका प्रतिवादी फु स्याओ जी श्रेष्ठ र गौरब श्रेष्ठलाई घर कोठाबाट हटाउनको लागि वडा प्रतिनिधिको रोहबरमा खाली गराउनु। .....२

(ग) शान्ती सुरक्षाको लागि प्रहरी परिसर, थानकोटलाई लेखि पठाउनु।.........................३

(घ) सरोकारवालाले नक्कल माग गर्न आएमा नियमानुसार दिनु।.................................४

(ङ) उजुरी दर्ताको दायरी लगत कट्टा गरी निर्णयको अपलोड गरी मिसिल अभिलेख शाखामा बुझाईदिनु।..........................................................................................५

**न्यायिक समितिका**

संयोजक श्री बसन्ती श्रेष्ठ

**सदस्य** | **सदस्य**

श्री सीता मण्डल सत्याल | श्री रत्नलाल श्रेष्ठ

**निर्णय तयार गर्न सहयोग पुऱ्याउने**

चिरञ्जीवी खड्का

**न्यायिक सहजकर्ता**

निरञ्जन गोपाल बर्तौला शर्मा

इति सम्वत् मिति २०७९ साल चैत महिना २२ गते रोज ०४ शुभम्..................................